## नेपाल पत्रकार महासंघको
## सदस्यता प्राप्ति तथा नवीकरण कार्यविधि निर्देशिका-२०७३

नेपाल पत्रकार महासंघलाई पेशागत मर्यादा अनुरुप संगठन शुद्धीकरण तथा सुदृढीकरण गर्न महासंघको विधान-२०६० (चौथो संशोधन-२०७३) को परिच्छेद २ को दफा ४ र ५ बमोजिम नयाँ सदस्यता प्राप्ति तथा नवीकरणलाई थप व्यवस्थित र पारदर्शी गर्न आवश्यक भएकोले महासंघको विधान-२०६० (चौथो संशोधन-२०७३) परिच्छेद १० दफा ३८ (१) ले दिएको अधिकार प्रयोग गरी संगठन समितिको सिफारिस र केन्द्रीय समितिको निर्णय बमोजिम **नेपाल पत्रकार महासंघको सदस्यता प्राप्ति तथा नवीकरण कार्यविधि निर्देशिका–२०७३** जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

**क**) यो कार्यविधि निर्देशिकाको नाम “नेपाल पत्रकार महासंघको सदस्यता प्राप्ति तथा नवीकरण कार्यविधि निर्देशिका २०७३” रहेको छ ।

**ख**) यो कार्यविधि निर्देशिका तुरुन्त लागू हुनेछ

२. विधान २०६४ (चौथो संशोधन-२०७३) परिच्छेद १० दफा ३८ (१) बमोजिम कार्यविधि निर्देशिका भन्नाले “नेपाल पत्रकार महासंघको सदस्यता प्राप्ति तथा नवीकरण कार्यविधि निर्देशिका-२०७३” सम्झनुपर्छ ।

**३**. सदस्यता प्राप्ति तथा नवीकरण कार्यविधि (तपसिलमा उल्लेखित कार्यविधि पूरा गरी आएमा शाखाले स्वीकृत गरी क्षेत्रीय समितिको परामर्शमा संगठन समितिको सिफारिसबमोजिम केन्द्रीय समितिले सदस्यता अनुमोदन गर्नेछ ।

**क**) महासंघको विधान-२०६० (चौथो संशोधन-२०७३) परिच्छेद २ दफा ५ मा भएको व्यवस्थाका अतिरिक्त सदस्यता प्राप्तिका लागि सिफारिस गर्ने सञ्चारमाध्यमहरुले श्रमजीवी पत्रकारसम्बन्धी ऐन नियमावलीसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरेको हुनुपर्ने छ ।

**ख**) विद्यमान ऐन/नियम बमोजिम दर्ता भई निरन्तर प्रकाशन तथा प्रसारण भइरहेका सञ्चारमाध्यमहरुमा कार्यरत रहेको, नियुक्तिपत्र अनिवार्य हुनुपर्नेछ । सो नियुक्तिपत्र कम्तिमा महासंघको शाखाले सदस्यता सिफारिस गरेको मितिसम्ममा वहाल भएको हुनुपर्नेछ । कुनै सञ्चारमाध्यम छाडेमा अर्को सञ्चारमाध्यम जादाँको हकमा नियुक्तिपत्र सबै उल्लेखितबमोजिम संलग्न गरेको हुनुपर्नेछ ।

**ग**) नियुक्तिपत्रलगायतका प्रक्रियासम्बन्धी विवाद उत्पन्न भएमा प्रेस रजिष्ट्रारको कार्यालयको रेकर्ड भिडाई सोही बमोजिम कायम गर्न सकिने छ ।

**घ**) सदस्यताका लागि सिफारिस गर्ने सञ्चारमाध्यमहरु निरन्तर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा क्रियाशील हुनुका साथै महासंघको उद्देश्य प्राप्तिमा सहयोगी भएको हुनुपर्नेछ ।

**ङ**) जिल्लाहरुमा दर्ता भई निरन्तर प्रकाशन भैरहेका मासिक/पाक्षिक तथा साप्ताहिक पत्रिकाको सिफारिसमा एकपटकमा प्रक्रिया पुगेका मासिक र पाक्षिकको हकमा बढीमा दुई

जना र साप्ताहिकको हकमा वढीमा चार जना क्रियाशील पत्रकारहरुलाई सदस्यता प्रदान गर्न सकिनेछ ।

**च**) विद्यमान ऐन कानुन बमोजिम प्रक्रिया पूरा गरी प्रसारणमा रहेका एफएम रेडियो तथा टेलिभिजनहरुको सिफारिसमा  समाचार तथा समाचारमूलक कार्यक्रममा सहयोगीको रुपमा क्रियाशीलसमेत गरी एकपटकमा बढीमा सात जनालाई सम्बन्धित सञ्चारमाध्यमको प्राथमिकताका आधारमा सम्बन्धित शाखाको सिफारिसमा सदस्यता प्रदान गरिनेछ ।

**छ**) नियमित प्रकाशनमा रहेका दैनिक पत्रिकाहरुको प्राथमिकताबमोजिम शाखाको सिफारिसमा एकपटकमा बढीमा प्रक्रिया पुगेका पाँचजना क्रियाशील पत्रकारलाई सदस्यता प्रदान गर्न सकिने छ ।

**ज**) दैनिक पत्रिकामा जिल्लाहरुमा सम्वाददाता तथा स्ट्रीङ्गरको रुपमा कार्यरत क्रियाशील पत्रकार १ जनालाई शाखाको सिफारिसमा सदस्यता प्रदान गरिनेछ । तर, व्यूरो कार्यालयहरु रहेका जिल्लाहरुमा भने थप दुइ जना क्रियाशील पत्रकारलाई सदस्यता प्रदान गर्न सकिने छ ।

**झ**) नियमित प्रसारणमा रहेका कानुनीरुपमा स्वीकृती पाएका अनलाईन, टेरेस्टोरियल तथा स्याटलाइट टि. भी. च्यानलहरुमा जिल्ला सम्वाददाताका रुपमा कार्यरत १ जना पत्रकारलाई शाखाको सिफारिसमा सम्बन्धित सञ्चारसंस्थाले श्रमजीवी पत्रकार ऐन सम्बन्धी सबै प्रक्रिया पूरा गरेमा सदस्यता प्रदान गरिनेछ । व्यूरो कार्यालय रहेका जिल्लामा भने थप एक जना क्रियाशील पत्रकारलाई सदस्यता प्रदान गरिने छ

**ञ**) नियमित प्रकाशनमा रहेका दैनिक पत्रिकाको केन्द्रीय कार्यालयमा वैधानिक प्रक्रिया पूरा गरी आएमा केन्द्रीय समितिले प्रतिष्ठान शाखाको मान्यता दिन सक्नेछ । तर, यसरी प्रतिष्ठान शाखाको मान्यता दिँदा काठमाडौं उपत्यकाबाहिरको हकमा क्षेत्रीय समन्वय समितिको सिफारिस अनिवार्य हुनेछ ।

**ट**) नियमित प्रसारणमा रहेका रेडियो, टेरेस्टोरियल तथा स्याटलाईट टेलिभिजनको मुख्य कार्यालयमा वैधानिक प्रक्रिया पूरा गरी आएमा प्रतिष्ठान शाखाको मान्यता दिन सक्नेछ ।

**ठ**) एफएम रेडियो तथा साप्ताहिक पत्रिकाहरुको जिल्ला सम्वाददाताको हकमा तोकेको मापदण्ड पूरा गरी नियमित प्रकाशन तथा प्रसारणमा रहेर अधिकारिकता साथ जिल्लामा सम्वाददाता तथा स्ट्रीङ्गर नियुक्त गरेको यथेष्ट प्रमाण भएमा शाखाको सिफारिसमा बढीमा १ जना क्रियाशील पत्रकारलाई सदस्यता प्रदान गर्न सक्नेछ ।

**ड**) विधानमा व्यवस्था भएबमोजिम विधागत प्रतिनिधित्व हुनेगरी वैधानिक प्रक्रिया पूरागरी आएमा एसोसिएट शाखाको रुपमा मान्यता दिन सकिने छ । तर, त्यस्ता संस्थाहरुले महासंघको उद्देश्य पूरा गर्ने लक्ष्य लिएको र व्यवसायिक पत्रकारिताको विकासका लागि योगदान पुर्‍याउँदै आएको हुनुपर्नेछ ।

**ढ**) सदस्यता प्राप्तिका लागि वैधानिक प्रक्रिया पूरा गरी शाखासमक्ष आवेदन दिएका आवेदकहरुको आवेदनमाथि छानबिन गरी जिल्ला/प्रतिष्ठान तथा एसोसिएट शाखाको सम्भव भए सर्वसम्मत नभए वहुमतको निर्णयको प्रतिलिपिसहित अनुमोदनका लागि केन्द्रीय

समितिमा प्राप्त आवेदनको फाइल तत्काल पठाउनु पर्नेछ। यसरी आवेदन प्राप्त भएको तीन महिनाभित्रै केन्द्रीय समितिले प्रक्रिया टुंगो लगाइ सक्नुपर्नेछ।

**ण**) शाखाले नयाँ सदस्यताको सिफारिस गर्दा विधानले तोकेबमोजिमको योग्यता र प्रक्रिया पुगेका व्यक्तिलाई मात्र सिफारिस गर्नुपर्नेछ । आवेदकमध्ये प्रक्रिया नपुगी सिफारिसमा नपरेका व्यक्तिहरुलाई उनीहरुले माग गरेमा चित्तबुझ्दो कारण दिनुपर्नेछ।

**त**) कुनै पनि पत्रकारले वैधानिक प्रक्रिया पूरा गरी आवेदन दिएमा आवेदन लिनु शाखाको कर्तव्य हुनेछ। शाखाले आवेदन नलिएमा क्षेत्रीय समन्वय वा केन्द्रीय समितिमा सिधै आवेदन बुझाउन सकिनेछ । तर, शाखालाई बेवास्ता गरी सीधै क्षेत्र वा केन्द्रमा निवेदन दिने प्रवृत्ति आउन नदिन शाखाले आवेदन नलिएको प्रमाणित भएको हुनुपर्नेछ । त्यसरी आएको उजुरी उपर क्षेत्रीय संयोजक तथा सहसंयोजकले सम्बद्ध शाखासँगसमेत बुझी प्रारम्भिक छानवीन गरेर वास्तविक पत्रकार सदस्यताबाट बञ्चित नहुने र गैरपत्रकारले सदस्यता प्राप्त नगर्ने एकीन गरी रायसहित संगठन समितिमा पेश गर्ने छ र संगठन समितिले सिफारिससहित पेश गरेपछि केन्द्रीय समितिले सदस्यता अनुमोदन तथा स्वीकृति प्रदान गर्नेछ। यस प्रयोजनका लागि महासंघ केन्द्रीय समितिले सचिवालय वा कुनै कार्यदल बनाई अधिकार प्रत्यायोजन गरी कार्य सम्पन्न गर्न सक्ने छ । महासंघले सदस्यताउपरको विवाद निरुपण गर्न स्थलगत भ्रमण, आपसी छलफल र पत्रकारबीचको सार्वजनिक सुनुवाईको कार्यविधिसमेत अपनाउन सक्ने छ। तोकिएको प्रक्रिया पूरागरी आएका आवेदन नलिएमा वा वास्तविक पत्रकारलाई सदस्यता प्रदान नगरी भेदभाव वा कुनै पनि किसिमको गैरजिम्मेवार कार्य गरेमा त्यस्तो शाखा वा सम्बन्धित पदाधिकारीलाई विधानबमोमिज कार्यवाही हुनेछ।

**थ**) कुनै पनि राजनैतिक दल तथा तिनका भातृ संगठनको कुनै पनि तहको कार्यसमितिमा पदाधिकारी तथा सदस्य रहेको व्यक्ति महासंघको सदस्य बन्न योग्य मानिने छैन । तर, पत्रकारिता पेशासँग सम्बन्धित संगठनको हकमा भने यो लागू हुने छैन । त्यस्तै पत्रकारितासँग असम्बन्धित कुनै सरकारी, गैरसरकारी वा निजी संस्था वा कम्पनीमा पूर्णकालीन सेवामा रहिरहेको व्यक्ति महासंघको सदस्य हुन योग्य मानिने छैन । कुनै सदस्यको हकमा उजुरी परेमा आरोपित व्यक्तिलाई सफाईको मौका दिइनेछ।

**द**) सदस्यता प्राप्तिका लागि विधानले तोकेको समयावधिभित्र आवेदकले कम्तिमा ६ वटा वाइलाईन समाचार प्रकाशित भएको प्रमाण पेश गर्नुपर्नेछ। विद्युतीय सञ्चारमाध्यम टि. भि/एफएम रेडियो र अनलाईन पत्रिकाको हकमा पनि सोही बमोमिज कम्तिमा ३ वटा समाचार प्रकाशन तथा प्रसारण भएको प्रमाण पेश गर्नुपर्नेछ।

**ध**) कुनै पनि सञ्चारमाध्यममा आवद्ध नरही स्वतन्त्ररुपमा पत्रकारिता गरिरहेका, महासंघको विधानबमोजिम पत्रकारको परिभाषाभित्र पर्ने, सूचना विभागबाट स्वतन्त्र पत्रकारको परिचयपत्र लिएका स्वतन्त्र पत्रकारहरुले वैधानिक प्रक्रिया पुऱ्याई सम्बन्धित शाखासमक्ष निवेदन दिएमा शाखाको सिफारिसमा सदस्यता प्रदान गर्न सकिनेछ।

४. नवीकरण

**क**) महासंघको सदस्यता नवीकरणका लागि महासंघको विधानले तोकेको प्रावधान र प्रक्रिया पूरा गर्नुपर्नेछ ।

**ख**) नवीकरणका लागि सिफारिस गर्दा क्रियाशीलताको प्रमाणका साथै कुनै पनि राजनैतिक दल र तिनका भातृ संगठनको कुनै पनि तहको पदीय दायित्वमा क्रियाशील नभएको हुनुपर्नेछ । तर, पत्रकारिता पेशासँग सम्बन्धित संगठनको हकमा भने यो लागू हुने छैन ।

ग) नवीकरण गर्दा श्रमजीवी पत्रकार ऐनले मागेका सबै कागजात अनिवार्य चाहिने छ ।

घ) विदेशमा रहेका शाखाको सदस्य नवीकरण गर्न सम्बन्धित संस्थासँगको आवद्धता, प्रमाणहरु अनिवार्य चाहिने छ ।

**५**) महासंघको विधि, विधान, नियम, विनियम, नियमावली र निर्देशिकाको पालना गर्नु महासंघका प्रत्येक सदस्यको दायित्व हुनेछ ।

६. आवश्यकताबमोजिम केन्द्रीय समितिले कार्यविधि निर्देशिका संशोधन तथा खारेज गर्न सक्नेछ ।